(सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५(३) तथा सुचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

# २०८२ बैशाख १ गते देखि असार मसान्तसम्ममा सम्पादित प्रमुख कृयाकलापहरु (स्वतः प्रकाशन) को विवरण

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
सिंहदरबार, काठमाडौं।

१. पृष्ठभूमिः ........ 1
२. मन्त्रालयको कार्य विभाजनः ........ 1
३. मन्त्रालयको संगठनात्मक संरचनाः ........ 3
४. सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र सम्पूर्ण टेलिफोन नम्बरः ........ 4
५. मन्त्रालय मातहतका विभाग तथा निकायहरु ........ 4
६. मन्त्रालय सम्बद्धराष्ट्रिय गौरवका आयोजनाहरु : ........ 5
८. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी : ........ 5
९. निर्णय उपर उजुरी सुन्ने अधिकारी : ........ 5
१०. सूचना अधिकारी प्रबक्ता र प्रमुखको नाम पद ........ 6
११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची : ........ 6

## १. पृष्ठभूमिः

विकासको मेरुदण्डको रुपमा रहेको ऊर्जा, जलस्रोत तथा सिंचाइ क्षेत्रलाई समायोजित तरिकाले द्रुत विकास गरी देशको सामाजिक-आर्थिक रुपान्तरण गर्ने एक प्रमुख साधनको रुपमा नेपालको जलस्रोतको दिगो उपयोग गर्दै ऊर्जा तथा सिंचाइ क्षेत्रमा महत्वपूर्ण उपलव्धिहरु हासिल गर्ने, सम्पूर्ण खेतीयोग्य जमिनमा सिंचाइ सुविधा पुर्याउने, ऊर्जा सङ्कटलाई न्यूनिकरण गर्ने, निराकरण गर्ने र विद्युत ऊर्जालाई देशको मुख्य ऊर्जाको रुपमा अगाडि बढाउने सोचका साथ ऊर्जा, जलस्रोत तथा सिंचाइ क्षेत्रसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरुको व्यवस्थापन गर्ने मुख्य दायित्व ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको रहेको छ । नेपाल सरकारको कार्य विभाजन नियमावली, २०७४ अनुसार साविकको ऊर्जा मन्त्रालय र सिंचाइ मन्त्रालय तथा सो मातहतका निकायहरुका साथै साविकको वातावरण मन्त्रालय अन्तर्गत रहेका वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र जल तथा मौसम विज्ञान विभाग समेत समावेश गरी ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय गठन भएको छ ।

## २. मन्त्रालयको कार्य विभाजनः

उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट सम्पादन हुने कार्यहरु देहाय बमोजिम रहेका छन ।

१. जलस्रोत र ऊर्जाको दिगो विकास, संरक्षण, उपयोग र पानीको बाँडफाँड सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन ,

२. जलस्रोत र ऊर्जा पूर्वाधार संरचना निर्माणसम्बन्धी एकीकृत नीति, कानुन, मापदण्ड र नियमन

३. सिंचाइसम्बन्धी एकीकृत नीति, कानुन, मापदण्ड र नियमन

४. नदी बेसिन योजना र जल उपयोगसम्बन्धी गुरुयोजना र नियमन

५. जलस्रोत, ऊर्जा, सिंचाइ र भूमिगत जलस्रोतसम्बन्धी अध्ययन, अनुसन्धान र प्रविधि विकास

६. प्रमुख नदीहरुको बहाव क्षेत्र निर्धारण र सो क्षेत्रको जमीनको संरक्षण, व्यवस्थापन र उपयोगसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन

७. जलस्रोतसम्बन्धी वस्तु वा सेवा उपयोगको मापदण्ड र नियमन

८. जलस्रोत, ऊर्जा र सिंचाइ क्षेत्रसँग सम्बन्धित निकायहरुसँगको समन्वय

९. संघीय र अन्तरप्रदेशस्तरमा सञ्चालन हुने जलस्रोत उपयोगका बहुउदेश्यीय आयोजनाको पहिचान, अध्ययन, निर्माण र नियमन

१०. संघीय र अन्तरप्रादेशिक सिंचाइ र अन्तरप्रदेश जलउत्पन्न प्रकोप नियन्त्रण आयोजनको पहिचान, अध्ययन, निर्माण र नियमन

११. जलस्रोत, ऊर्जा र सिंचाइसम्बन्धी ठूला पूर्वाधार आयोजनाबाट विस्थापितहरुको पुनर्बास र पुनर्स्थापना

१२. संघीय र अन्तरप्रदेश सिंचाइ प्रणालीको बाँध, जलाशय, अन्य संरचना, मुल नहरको सञ्चालन, मर्मत संभार, व्यवस्थापनसम्बन्धी नीति, मापदण्ड र कार्यान्वयन

१३. प्रदेश सीमा नदीको बाढी र नदी नियन्त्रण कार्यक्रम सञ्चालनमा समन्वय र सहयोग

१४. जलस्रोत, ऊर्जा र सिंचाइसम्बन्धी तथ्याङ्क व्यवस्थापन, अध्ययन अनुसन्धान

१५. राष्ट्रिय र अन्तर्राष्ट्रिय विद्युत प्रसारण लाइन तथा विस्तार

१६. राष्ट्रिय र अन्तर्राष्ट्रिय विद्युत व्यापार सम्बन्धी नीति, कानुन, मापदण्ड, सन्धि सम्झौता कार्यान्वयन र नियमन

१७. राष्ट्रिय महत्वका बहुउदेश्यीय जल आयोजना र अन्तर जलाधार स्थानान्तरण

१८. विद्युत सेवाको मापदण्ड, गुणस्तर र महसुल सम्बन्धी नीति र नियमन

१९. विद्युत सेवाको राष्ट्रिय र क्षेत्रिय भार प्रणाली व्यवस्थापन र सञ्चालन

२०. नवीकरणीय र वैकल्पिक उर्जाको उपयोग, गुणस्तर र मापदण्ड

२१. विद्युत विकासमा लगानी

२२. जल तथा मौसम विज्ञान सेवासम्बन्धी नीति, कानून, मापदण्ड, तथ्याङ्क, योजना, कार्यान्वयन र नियमन

२३. मौसम तथा बाढी पूर्वानुमान

२४. विपद पूर्व सूचना प्रणालीको विकास तथा सम्प्रेषण

२५. जलवायुसम्बन्धी अध्ययन तथा अनुसन्धान, सूचना आदन प्रदान

२६. जल तथा मौसमी राडार, रेडियोसोन्डे, चट्यान नेटवर्क, सौर्य विकीरण केन्द्रहरुको व्यवस्थापन र सूचना प्रवाह

२७. हिमनदी तथा हिमताल

२८. मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय

२९. मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन

३०. नेपाल इन्जिनियरिङ्ग सेवाअन्तर्गत देहायका समूह, उपसमूहको सञ्चालन

क) इलेक्ट्रिकल इन्जिनियरिङ्ग समूह

ख) मेकानिकल इन्जिनियरिङ्ग समूह


ग) मेटेरियोलजी समूह

घ) एगृ इरिगेशन इन्जिनियरिङ्ग समूह

ङ) सिभिल इन्जिनियरिङ्ग समूहको इरिगेशन, हाइड्रोपावर र हाइड्रोलजी उपसमूह ।

# ३. मन्त्रालयको संगठनात्मक संरचनाः

.



## ४. सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र सम्पूर्ण टेलिफोन नम्बरः

| सि. नं. | सचिवालय/महाशाखा | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १ | माननीय ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री | श्री दिपक खड्का | ४२११५१३/५१८ |
| २ | माननीय ऊर्जा, जलस्रोत तथा सिंचाइ राज्यमन्त्री | श्री खम बहादुर गर्बुजा | ४२११५०१ |
| ३ | सचिव (ऊर्जा) | श्री सुरेश आचार्य | ४२११५१६ |
| ४ | सचिव (जलस्रोत तथा सिंचाइ) | श्री सरिता दवाडी | ४२११४२६ |
| ५ | प्रशासन महाशाखा | सहसचिव श्री शम्भु प्रसाद मरासिनी | ४२०००३३ |
| ६ | कानून तथा फैसला कार्यान्वयन महाशाखा | सहसचिव श्री जंग बहादुर डाँगी | ४२०००३१ |
| ७ | कार्यक्रम, बजेट तथा अनुगमन महाशाखा | सहसचिव श्री चुर्ण बहादुर ओली | ४२११५०९ |
| ८ | जलस्रोत महाशाखा | सहसचिव श्री शिशिर कोइराला | ४२००१२२ |
| ९ | ऊर्जा महाशाखा | सहसचिव श्री सागर राज गौतम | ४२११५३६ |
| १० | विकास सहायता तथा प्रादेशिक समन्वय महाशाखा | सहसचिव श्री चिरञ्जीवी चटौत | ४२११५२३ |
| ११ | जल, मौसम तथा वातावरण महाशाखा | सहसचिव श्री सुशीलचन्द्र आचार्य | ४२११९१२ |

## ५. मन्त्रालय मातहतका विभाग तथा निकायहरु

(क) ऊर्जातर्फ

- विद्युत विकास विभाग
- नेपाल विद्युत प्राधिकरण
- वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
- विद्युत उत्पादन कम्पनी लिमिटेड
- राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड
- जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड

ख) जलस्रोत तथा सिंचाइतर्फ

- जलस्रोत तथा सिंचाइ विभाग
- जल तथा मौसम विज्ञान विभाग
- जलस्रोत अनुसन्धान तथा विकास केन्द्र

## ६. मन्त्रालय सम्बद्ध राष्ट्रिय गौरवका आयोजनाहरु :

(क) ऊर्जातर्फ

- बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेड

(ख) जलस्रोत तथा सिंचाइतर्फ

- सिक्टा सिंचाइ आयोजना
- बबई सिंचाइ आयोजना
- रानीजमरा कुलरिया सिंचाइ आयोजना
- भरी-बबई डाईभर्सन बहुउदेश्यीय आयोजना
- सुनकोशी-मारिन डाइभर्सन बहुउद्देश्यीय आयोजना
- महाकाली सिंचाई आयोजना

## ७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

**(क) सेवा प्राप्त गर्न लाग्ने दस्तुर :**

१. सूचनाको हक सम्बन्धि नियमावली २०६५ को नियम ४ बमोजिम र

२. अन्य बिशेष कानुनले तोके बमोजिमको दस्तुर

**(ख) सेवा प्राप्त गर्न लाग्ने अवधि :**

१. सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ७ ले तोकेको अवधि भित्र र

२. अन्य विषेश कानूनले अवधि तोकेकोमा सोही बमोजिमको

## ८. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी :

प्राप्त उजुरीहरु सम्बन्धित अधिकारीले हेरी सम्बन्धित महाशाखा र शाखामा आवश्यक कारबाहीको लागि पठाइने र शाखा प्रमुखबाट कारवाही प्रकृया अगाडी बढाइने ।

## ९. निर्णय उपर उजुरी सुन्ने अधिकारी :

- ऊर्जा तर्फ सचिव श्री सुरेश आचार्य
- जलस्रोत, सिंचाइ तथा मौसम विज्ञान तर्फ सचिव श्री सरिता दवाडी

## १०. सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम पद

| | |
|---|---|
| प्रमुख | सचिव (ऊर्जा) श्री सुरेश आचार्य |
| प्रमुख | सचिव (जलस्रोत तथा सिंचाइ) श्री सरिता दवाडी |
| प्रवक्ता | सहसचिव श्री सागर राज गौतम |
| सूचना अधिकारी | सि.डि.इ. श्री राजु महर्जन |

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :

- **नेपालको संविधान**
- **ऐनः**
  १. विद्युत नियमन आयोग ऐन, २०७४
  २. विद्युत चोरी नियन्त्रण ऐन, २०५८
  ३. विद्युत ऐन, २०४९
  ४. जलस्रोत ऐन, २०४९
  ५. नेपाल विद्युत प्राधिकरण ऐन, २०४१

- **नियमावलीः**
  १. विद्युत नियमन आयोग नियमावली, २०७६
  २. विद्युत चोरी नियन्त्रण नियमावली, २०५९
  ३. सिंचाइ नियमावली, २०५६
  ४. जलस्रोत नियमावली, २०५०
  ५. विद्युत नियमावली, २०५०

- **निर्देशिकाः:**
  १. ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय सम्बनद्ध सार्वजनिक निकायका पदाधिकारीहरुको नियुक्ति र मनोनयन सम्बन्धी निर्देशिका, २०८१
  २. वैदेशिक सहायतामा निर्माण/सञ्चालन हुने आयोजनाहरुको लागि आवश्यक मालवस्तुको माष्टर लिष्ट स्वीकृति तथा संशोधन सम्बन्धी निर्देशिका, २०७९
  ३. ग्रिड कनेक्टेड वैकल्पिक विद्युत विकास सम्बन्धी कार्यविधि, २०७८
  ४. कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी निर्देशिका, २०७७
  ५. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका (संशोधन सहित), २०७५

६. जनताको जलविद्युत कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि (संशोधन सहित), २०७५
७. विद्युत आयोजनाको लागि विदेशी विनिमय सुविधा सिफारिस सम्बन्धी निर्देशिका, २०७४
८. जलविद्युत तथा प्रसारण आयोजनाहरुको प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मुल्याङ्कन सम्बन्धी कार्यविधि, २०७३
९. निर्माण सम्पन्न जलविद्युत आयोजनाहरुलाई प्रदान गरिने अनुदान सम्बन्धी कार्यविधि, २०७२
१०. सिंचाइ मन्त्रालय र अन्तर्गत विभागहरुको सरुवा/पदस्थापन तथा काज सम्बन्धी मापदण्ड, २०७१
११. जलविद्युत आयोजना विकास सम्झौता सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७०
१२. ऊर्जा मन्त्रालय र अन्तर्गत निकायमा कार्यरत कर्मचारीहरुको आचार संहिता, २०७०
१३. कार्य फछ्र्यौट कार्यविधि, २०७०
१४. सिंचाइ तथा जलउत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी निर्माण कार्यहरु उपभोक्ता संस्था मार्फत निर्माण कार्य सञ्चालन गर्ने/गराउने कार्यविधि, २०६९

## १२. सम्पादन गरेका मुख्य मुख्य कामको विवरण

<u>आ.व. २०८१/८२ को बैशाखदेखि असारसम्मको प्रगतिः</u>

<u>ऊर्जा :</u>

१. हालसम्ममा ३ हजार ५ सय ९१ मेगावाट (परीक्षणमा रहेका आयोजना र वैकल्पिक ऊर्जाको स्रोतबाट उत्पादित बाहेक) विद्युत उत्पादन भई राष्ट्रिय प्रणालीमा जडान भएको।

२. हालसम्म ६६ के.भि. भन्दा माथिका करीव ७ हजार १ सय ६१ सर्किट किलोमिटर प्रसारण लाइन तथा १३७८४ एम.भी.ए. क्षमताको सवस्टेशन निर्माण भएका छन्।

३. हालसम्म ३३ के.भि. का करीव ८ हजार ५८ सर्किट किलोमिटर प्रसारण लाइन तथा २६८५ एम.भी.ए. क्षमताको सवस्टेशन निर्माण भएका छन्।

४. विद्युत चुहावट १२.७३% मा रहेको छ।

५. प्रतिव्यक्ति विद्युत खपत ४ सय ५० किलोवाट घण्टा पुगेको छ।

६. हालसम्म राष्ट्रिय विद्युत प्रणाली र वैकल्पिक ऊर्जाको स्रोतबाट विद्युतमा पहुँच प्राप्त जनसंख्या ९९% पुगेको छ।

७. बर्खायाममा ८५० मेगावाट सम्म निर्यात र सुख्खायाममा ६७० मेगावाटसम्म विद्युत आयात भएको छ।

८. बंगलादेश सरकारसँग भएको विद्युत निर्यात सम्झौता बमोजिम जुलाई १५ देखि नियमित रुपमा ४० मेगावाट विद्युत बंगलादेश निर्यात गरिएको छ।

९. हालसम्म सौर्य विद्युत उत्पादन क्षमता ५६. ८९ मेगावाट पुगेको छ। साथै हालसम्म लघु तथा साना जलविद्युत आयोजनावाट ४०.६५ मेगावाट विद्युत उत्पादन भएको छ।

१०. SASEC Electricity Transmission and Distribution Strengthening Project को लागि एशियाली विकास बैंकसँग ३२१ मिलियन यू.एस.डलर ऋण र ८३.६ मिलियन यू.एस.डलर अनुदानको सम्झौता भएको छ।

११. यस अवधिमा सूचना माग सम्बन्धी ५ वटा प्राप्त भएको र सबै निवेदन उपर नियमानुसार कारवाही भई सूचना/जानकारी समयमा उपलव्ध गराइएको ।

## जलस्रोत तथा सिंचाई:

**जलस्रोत तथा सिंचाइ विभाग :**

१. हालसम्म सिंचाई सुविधा (संघीयस्तर मात्र) १५,८६,३४० हेक्टर जमिनमा सिंचाइ पुगेको छ।

२. सिंचाइयोग्य भूमिमध्ये वर्षैभरी सिंचाइ सुविधा पुगेको भुमि ५,२८,७८० हेक्टर रहेको छ।

३. कृषियोग्य जमिनमा भूमिगत सिंचाइ सुविधा ५,४६,४२४ हेक्टर पुगेको छ।

४. लिफ्ट तथा जलाशय सिंचाइ कार्यक्रमबाट सिंचित क्षेत्रफल विस्तार ५५५१ हेक्टर पुगेको छ।

५. ठुला तथा मझौला नदीमा तटबन्धन निर्माण १४७७.५९ कि.मि. भएको छ।

६. साथै तटबन्ध निर्माणबाट जग्गा उकास १३,६७१.८८ हेक्टर भएको छ।

**जल तथा मौसम विज्ञान विभागः**

१. स्वचालित जलमापन केन्द्र स्थापना र सञ्चालन १९० वटा सम्पन्न भएका छन|

२. स्वचालित मौसम मापन केन्द्र स्थापना र सञ्चालन ३५० वटा सम्पन्न भएका छन|

३. मौसमी राडार स्थापना र सञ्चालन गर्ने (संख्या) ३ वटा सम्पन्न भएका छन|